# प्रदेश राजपत्र

सुदूरपश्चिम प्रदेश सरकारद्वारा प्रकाशित

खण्ड ६) धनगढी, नेपाल, चैत्र २३ गते, २०७९ साल (संख्या १३

## भाग ३

## सुदूरपश्चिम प्रदेश सरकार

## आर्थिक मामिला मन्त्रालय

### अग्रिम सवारी साधन कर असुल गर्ने सम्बन्धी सूचना

सुदूरपश्चिम प्रदेश सरकार (मन्त्रिपरिषद्) बाट मिति २०७९।१२।२२ मा "यसैसाथ संलग्न सुदूरपश्चिम प्रदेश आर्थिक



(पहिलो संशोधन) विधेयक, २०७९ को मस्यौदा प्रदेश सभाबाट स्वीकृत भई प्रदेश प्रमुखबाट प्रमाणीकरण नभए सम्मका लागि अन्तरिम व्यवस्था गर्न प्रदेश आर्थिक कार्यविधि नियमावली, २०७६ को नियम ६३ को खण्ड (ख) बमोजिम सुदूरपश्चिम प्रदेश आर्थिक (पहिलो संशोधन) विधेयक, २०७९ को मस्यौदाको अनुसूची-२ को खण्ड (क) को क्रम संख्या ३ र ४ एवम् खण्ड (ग) को १३ मा उल्लिखित देहाय बमोजिमका सवारी साधन करका दर र छुट बमोजिम धरौटीको रूपमा अग्रिम सवारी साधन कर असुल गर्न स्वीकृति प्रदान गर्ने" भन्ने निर्णय भएकोले सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**देहाय**

❖ सुदूरपश्चिम प्रदेश आर्थिक ऐन, २०७९ को अनुसूची-२ को,-

(१) खण्ड (क) सवारी साधन करको क्रम संख्या २. पछि देहायको क्रम संख्या ३. (क), (ख) र क्रम संख्या ४. (क) थपिएका छन:-

| ३. निजी विद्युतीय सवारी साधनमा देहाय बमोजिम सवारी साधन कर लाग्नेछ:- | | |
|---|---|---|
| (क) | मोटरसाइकल/स्कुटर | वार्षिक कर दर |
| | (अ) ५०० वाटसम्म | रु.१,०००/- |
| | (आ) ५०१ वाट भन्दा माथि १००० वाटसम्म | रु.१,५००/- |
| | (इ) १००१ वाट भन्दा माथि १५०० वाटसम्म | रु.२,०००/- |
| | (ई) १५०१ वाट भन्दा माथि सबै | रु.३,०००/- |
| (ख) | कार, जीप, भ्यान, माइक्रोबस र बस | |
| | (अ) ४९ किलो वाटसम्म | रु.१०,०००/- |

| | | |
|---|---|---|
| | (आ) ४९ किलो वाट भन्दा माथि १२५ किलो वाटसम्म | रु.१५,०००/- |
| | (इ) १२५ किलो वाट भन्दा माथि २२५ किलो वाटसम्म | रु.२०,०००/- |
| | (ई) २२५ किलो वाट भन्दा माथि सबै | रु.३०,०००/- |
| ४. सार्वजनिक विद्युतीय सवारी साधनमा देहाय बमोजिम सवारी साधन कर लाग्नेछः- | | |
| (क) | कार, जीप, भ्यान, माइक्रोबस र बस | वार्षिक कर दर |
| | (अ) ४९ किलो वाटसम्म | रु.२,५००/- |
| | (आ) ४९ किलो वाट भन्दा माथि १२५ किलो वाटसम्म | रु.४,५००/- |
| | (इ) १२५ किलोवाट भन्दा माथि २२५ किलो वाटसम्म | रु.१०,०००/- |
| | (ई) २२५ किलोवाट भन्दा माथि सबै | रु.१५,०००/- |

(२) खण्ड (ग) विविधको क्रम संख्या १२. पछि देहायको क्रम संख्या १३. थपिएको छः-

"१३. पेट्रोलियम पदार्थ बाहेक अन्य इन्धनद्वारा सञ्चालन हुने सवारी साधनमा प्रचलित कानुन बमोजिम लाग्ने सवारी साधन करमा बिस प्रतिशत छुट हुनेछ ।"

आज्ञाले,
सिद्धराज जोशी
प्रदेश सरकारका निमित्त सचिव



मुद्रकःआन्तरिक मामिला तथा कानुन मन्त्रालय, धनगढी, कैलाली। मुल्यः रु. ५।-